एलाइटस्काइ जापानी भाषा विद्यालय

# आधिकारिक बिदाको नियमहरू

2025/4/1 मा जारी

**आधिकारिक बिदा （कक्षा अनुपस्थिति नहुने ） लागू हुने अवस्थाहरु ：**

①परीक्षा … स्कूल भर्ना परीक्षा, रोजगारीको अन्तर्वार्ता, सेनमोन/दाईगाकुको ओरिएन्टेशन आदि ।

※टाढा रहेको विद्यालयमा परीक्षा दिन जाने बेलामा, परीक्षाको अघिल्लो 1 दिन र पछिल्लो 1 दिन जान र फर्किन लाग्ने समयको रूपमा आधिकारिक बिदा मानिन्छ ।

टाढा भन्नाले ： टोकियो, खानागावा, चिबा, साइतामा बाहेकका क्षेत्र।

②संक्रमण हुने रोग/सरुवा रोग ：कोरोना पोजिटिभ, इन्फ्लुएन्जा, क्षयरोग आदि कानूनी रूपमा सूचित गरिएका सङ्क्रामक रोगहरू।

कोरोना PCR परीक्षणमा पोजिटिभ आएमा, लक्षण देखिएको दिनदेखि 5 दिन आधिकारिक बिदा मानिन्छ।

③अन्य कारणहरू … दूतावास जानु पर्ने अवस्थामा （निश्चित समय तोकिएको अवस्थामा मात्र） ।

रेल पूर्ण रूपमा बन्द भएको बेला ।

शोक परेको बेला （हजुरबुबा–हजुरआमा, बाबु–आमा, दाजु–भाइ, दिदी–बहिनी कोही बितेको बेलामा 5 दिन आधिकारिक बिदा लीन मिल्ने छ）।

★बिहे（दाजु–भाइ, दिदी–बहिनी, छोरा, छोरीको विवाह 3 दिन आधिकारिक बिदा लीन मिल्ने छ）।

★आफ्नो देशमा हुने कुनै परीक्षा दिन जानु परेमा 5 दिन आधिकारिक बिदा लीन मिल्ने छ ।

अन्य विशेष कारण, चोरी, सडक दुर्घटना, प्राकृतिक विपत्ति आदि को बेला विद्यालय प्रमुखले विशेष मान्यता दिएको अवस्थामा आधिकारिक बिदा मनीने छ ।

※①को परीक्षा सम्बन्धि : मिति र समय तोकीको तथा अनिवार्य रुपमा सहभागी हुनुपर्ने भएमा मात्र आधिकारिक बिदा मान्य हुनेछ ।

आफैंले समय छान्न सकिने वा सहभागी नभए पनि परीक्षा दिन सकिने खालका गतिविधिको लागि भने आधिकारिक बिदा मान्य हुने छैन ।

※②को रोगीको नजिक सम्पर्कमा आएको व्यक्तिहरु मास्क लगाएर स्कूल आउनुहोस् ,स्कूल बिदा बेस पनि आधिकारिक बिदा मनीने छैन ।

※②को संक्रमण रोग/सरुवा रोग सम्बन्धि : उपचार अवधि सकिए पनि लक्षण देखा परेमा विद्यालयसँग सल्लाह गर्नुहोस्।

<u>ज्वरो बाहेक, घाँटी दुख्ने, खोकी लाग्ने लगायतका लक्षणले घरमै बसेमा अनुपस्थित मानिने छ, तर अरु सरुवा रोगको संक्रमण भएको हुन सक्छ ,त्यसैले तुरुन्तै अस्पतालमा गएर जाँच गराउनुहोस्।</u>

※① परीक्षा र ③★ को बारेमा आधिकारिक बिदाको 1 हप्ता अघि सम्म अनिवार्य रूपमा आवेदन दिनुहोस् ।

अन्य सबै कारणको बेलामा भने विद्यालय आउन सक्ने भएपछि 1 हप्ताभित्र तुरुन्तै आवेदन गर्नुहोस्।

आधिकारिक बिदाको आवेदन प्रक्रिया
विद्यालयको कार्यालयमा गएर, के कारणले अनुपस्थित हुन लागिएको हो भन्ने आधारमा पहिले वा पछि दुबै अवस्थामा पेश गर्न सकिने आधिकारिक बिदा फर्म भर्नुहोस् र आवश्यक कागजपत्र सँगै कार्यालयमा पेश गर्नुहोस् ।

①परीक्षा .... परीक्षा प्रवेशपत्र वा अन्तर्वार्ताको सूचना इमेल अनिवार्य रूपमा आवश्यक पर्छ । त्यसबाहेक、परीक्षाको "मिति र स्थान" थाहा हुने कागजात पनि आवश्यक हुन्छ । (यदि प्रवेशपत्रमा लेखिएको छैन भने、भर्ना सम्बन्धी जानकारी लेखिएको पेजको फोटो आदि) यी सबै कागजातहरूलाई 1 वटा फोटोमा तयार पार्नुहोस् ।
②कोरोना पोजिटिभ... PCR परीक्षणमा पोजिटिभ आएको प्रमाणपत्र ।
इन्फ्लुएन्जा、क्षयरोग आदि कानुनी रूपमा रिपोर्ट गर्नु पर्ने रोगहरूको बेला डाक्टरले जाँचेको प्रमाणपत्र

आवश्यक पर्छ ।

③ अन्य कारणहरू
दूतावासमा जानु परेमा (समय तोकिएको अवस्थामा मात्र) कार्यालय स्लिप、इमेल आदि आवश्यक हुन्छ ।
रेल बन्द/ढिलाइ भएको अवस्थामा ढिलाइ प्रमाणपत्र आवश्यक पर्छ।
शोक बिदा (हजुर बुवा・हजुरआमा、बुवा・आमा、दाजु・भाइ・दिदी・बहिनी) को निधन भएमा मृत्यु प्रमाणपत्र आदि आवश्यक पर्छ।
विवाह बिदा (दाजुभाइ・दिदी बहिनी, छोराछोरिको) विवाह हुँदा विवाहको निमन्त्रणपत्र आदि आवश्यक पर्छ।